नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाडौं

प्रकाशित मितिः २०७६/०९ /१३

त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय अन्तर्गत आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस र कलेजहरूमा २०७६ सालको BDS र काठमाडौं विश्वविद्यालय वा अन्तर्गतको BSc Nursing विषयको छात्रवृत्तिमा अध्ययन गर्न कलेज प्राथमिकता रोजी आवेदन दिएका उम्मेदवारहरूको पूर्वमनोनयन सूची (Pre- Nomination List) प्रकाशनसम्बन्धी जरुरी सूचना ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्राप्त राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ बमोजिम ७५ प्रतिशत निशुल्क छात्रवृत्ति सिट कायम गरिएका त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगञ्जअन्तर्गतका आङ्गिक क्याम्पसहरू र त्रिभुवन विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्वदेशी लगानीका शिक्षण संस्थामा १० प्रतिशत र विदेशी लगानीका शिक्षण संस्थामा २० प्रतिशत छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक यस अघि यस मन्त्रालयबाट प्रकाशित योग्यताक्रमका आधारमा तथा मिति २०७६ मङसिर २६ गते प्रकाशित सूचनाअनुसार कलेज तथा क्याम्पसको प्राथमिकता छनौट गर्न आह्वान गरिएबमोजिम कलेजको प्राथमिकता छनौट गरी BDS विषयमा र **काठमाडौं विश्वविद्यालयको** BSc Nursing **विषयमा** आवेदन दिएका उम्मेदवारहरूमध्ये निजहरूको कलेज प्राथमिकता छनौट, योग्यताक्रम र प्राप्त सिटका आधारमा समूहगत एवं संस्थागत रूपमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ( सचिवस्तरीय ) २०७६ पुस १३ गतेको निर्णयअनुसार देहायबमोजिम पूर्वमनोनयन सूची (Pre- Nomination List) प्रकाशन गरिएको छ । पूर्वमनोनयनमा परेका उम्मेदवारहरूले विद्युतीय (Electronic) आवेदन दिंदा पेश गरेका सम्पूर्ण कागजातहरुको सक्कल र ती कागजातका एक/एक प्रति नक्कल तथा **Scanned Copy** ( in JPG 600 KB) , अटोसाइजका फोटो चारप्रति र निरोगिताको प्रमाणपत्रसाथ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्ति शाखामा २०७६ पुस २० गतेभित्र उम्मेदवार स्वयं उपस्थित हुन सूचित गरिन्छ । पूर्वमनोनयन सूची उपर कसैको दाविविरोध भएमा उम्मेदवार स्वयम् उपस्थित भई २०७६ पुस १६ गतेभित्र निवेदन दर्ता गर्नुपर्ने छ । अध्ययन असमर्थ हुने उम्मेदवारले पनि २०७६ पुस २० गतेभित्र स्वयं उपस्थित भई आफू असमर्थ रहेको व्यहोराको निवेदन छात्रवृत्ति शाखामा दिनुपर्नेछ । कलेजको प्राथमिकता फारम भरेका र पूर्वमनोनयनमा नपरेका बाँकी सबै उम्मेदवारहरू वैकल्पिक सूचीमा रहने र मनोनयनका लागि पद रिक्त भएमा नियमानुसार क्रमशः योग्यताक्रम सूचीका आधारमा सम्पर्कका लागि सूचना गरिने जानकारी गराइन्छ ।